त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त

# सुकुना बहुमुखी क्याम्पस

Affiliated to Tribhuvan University

# SUKUNA MULTIPLE CAMPUS

सुन्दरहरैँचा–१२, मोरङ

SUNDAR-HARAINCHA–12, MORANG

[विश्वविद्यालय अनुदान आयोगद्वारा गुणस्तर विश्वसनीयता तथा प्रत्ययनप्राप्त]

(QAA CERTIFIED BY UNIVERSITY GRANTS COMMISSION)

स्था. २०४८

Estd. 1992 A.D.





श्री/श्रीमान्/श्रीमती:...........................................................................ज्यू

.........................................................................

.......................................................

**रजतमहोत्सव २०७३ का अवसरमा क्याम्पसमा सञ्चालन गरिने कार्यक्रमको झलक (२०७३ चैत्र ३०,३१ र २०७४ बैसाख १ गते)**

# हार्दिक निमन्त्रणा

आदरणीय अभिभावक, विद्यार्थी, समाजसेवी तथा शिक्षाप्रेमी महानुभावहरू,

विक्रम संवत् २०४८ सालमा स्थानीय समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमी, राजनीतिकर्मी, शिक्षक एवम् अभिभावकहरूको संयुक्त पहलमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई श्री सुकुना माध्यमिक विद्यालयमा स्थापित यो सुकुना बहुमुखी क्याम्पसले स्थापनाको पच्चीसौं वर्ष पूरा गरेकोमा गौरव बोध गर्दछ।

यो क्याम्पसले जग्गा दाता, चन्दा दाता महानुभावहरूबाट प्राप्त साविक इन्द्रपुर-४ हाल सुन्दहरैंचा-१२ स्थित आफ्नै जमिनमा भौतिक पूर्वाधारको विकास गरी बिभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

वर्तमानसम्म आइपुग्दा यो क्याम्पस पूर्वाञ्चलकै महत्त्वपूर्ण सामुदायिक क्याम्पसका रूपमा स्थापित हुन पुगेको छ। विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्ययन **(QAA: 2072)** प्राप्त यस क्याम्पसले आफ्नो स्थापनाको २५ वर्ष पूरा गरेको ऐतिहासिक अवसरमा यही २०७३ साल चैत्र ३०, ३१ र २०७४ साल वैशाख १ गते विभिन्न कार्यक्रमहरूका साथ रजतमहोत्सव : २०७३ मनाउन ४२१ सदस्यीय मूल समारोह समिति, ३१ सदस्यीय सल्लाहकार समिति समेत गठन गरिएको छ। यस समारोहलाई भव्यतापूर्वक सम्पन्न गर्नका लागि यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**क्याम्पसमा सञ्चालित शैक्षिक कार्यक्रमहरू:**

१. +२ अन्तर्गतः मानविकी, शिक्षा, विज्ञान र व्यवस्थापन सङ्काय।
२. स्नातक तहः मानविकी, शिक्षा, विज्ञान, ICT शिक्षा
(सेमेस्टर प्रणाली र व्यवस्थापन)
३. स्नातकोत्तर तहः शिक्षाः (नेपाली, अङ्ग्रेजी, गणित, इ.पी. एम., पाठ्यक्रम, स्वास्थ्य र जनसङ्ख्या) र व्यवस्थापन।

**रजतमहोत्सव २०७३ का कार्यक्रमहरू**

१. वक्तृत्वकला प्रतियोगिता (आन्तरिक) : २०७३ पौष १३ गतेदेखि
२. वादविवाद प्रतियोगिता : २०७३ पौष २४ गते
३. हाजिरी जवाफ प्रतियोगिता
क) आन्तरिक : २०७३ पौष २९ गते
ख) अन्तर माध्यमिक विद्यालय : २०७३ माघ १० गते

४. वृक्षरोपण कार्यक्रम : २०७३ माघ ५ गते
५. कम्प्युटर सेमिनार : २०७३ माघ ५ गते
६. खेलकुद कार्यक्रम : २०७३ माघ ५ गतेदेखि
७. कविगोष्ठी : २०७३ चैत्र १९ गते
८. विचारगोष्ठी : २०७३ चैत्र २६ गते
९. रक्तदान कार्यक्रम : २०७३ चैत्र २८ गते
९. सरसफाइ कार्यक्रम : २०७३ चैत्र २९ गतेदेखि

**२०७३ चैत्र ३०, ३१ र २०७४ वैशाख १ गतेका कार्यक्रमहरू:**

**१. चैत्र ३० गते**

क) प्रशासनिक भवन तथा पुस्तकालय भवन उद्घाटन
ख) विज्ञान प्रदर्शनी
ग) पुस्तक प्रदर्शनी
घ) सांस्कृतिक कार्यक्रम
ङ) सम्मान तथा पुरस्कार कार्यक्रम

**२. चैत्र ३१ गते**

क) पुनर्मिलन कार्यक्रम (पूर्व विद्यार्थी, पूर्व शिक्षक, पूर्व कर्मचारी तथा पूर्व सञ्चालक समिति)
ख) सरस्वती मन्दिर उद्घाटन
ग) पुस्तक प्रदर्शनी
घ) सांस्कृतिक कार्यक्रम
ङ) सम्मान तथा पुरस्कार कार्यक्रम

**३. २०७४ वैशाख १ गते**

क) रजतमहोत्सव स्तम्भको अनावरण
ख) विज्ञान भवन उद्घाटन
ग) पुस्तक प्रदर्शन
घ) पी.टी. प्रदर्शन
ङ) सम्मान तथा पुरस्कार कार्यक्रम
च) सांस्कृतिक कार्यक्रम

**आदरणीय महानुभावहरू,**

रजतमहोत्सवको यस पावन अवसरमा क्याम्पसका निम्न शीर्षकअन्तर्गतका आवश्यकताहरू पनि यहाँहरूको जानकारीका लागि प्रस्तुत गर्दै ती आवश्यकताहरूको परिपूर्तिका लागि सम्बोधन हुने कुरामा क्याम्पस विश्वस्त भएको बेहोरासमेत हार्दिक अनुरोध गरिन्छ।

**आवश्यकताको सूची:**

माथि उल्लिखित शीर्षकलगायत अन्य शीर्षकहरूमा सहयोग पुऱ्याउनुहुने दाता महानुभावहरूलाई निम्नअनुसार सम्मान गरिने बेहोरासमेत यहाँहरूसमक्ष जानकारीका लागि सादर अनुरोध गरिन्छ।

## तपसिल

१. रु.५,०००।– वा सोभन्दा माथि सहयोग गर्ने दातालाई प्रमाणपत्रद्वारा सम्मान गरी निजको नाम स्मारिकामा प्रकाशित गरिनेछ।

२. रु.११,०००।- वा सोभन्दा माथि सहयोग गर्ने दातालाई प्रमाणपत्रद्वारा सम्मान गरिनेछ साथै निजको नाम शिलामा अङ्कित गरी स्मारिकामा समेत प्रकाशित गरिनेछ।

३. रु.२५,०००।- वा सोभन्दा माथि सहयोग गर्ने दातालाई प्रमाणपत्रद्वारा सम्मान गरिनेछ साथै निजको इच्छाबमोजिम दुई जनाको नाम शिलामा अंकित गरी स्मारिकामा प्रकाशित गरिनेछ।

४. रु.५०,०००।- वा सोभन्दा माथि सहयोग गर्ने दातालाई दोसल्लाद्वारा सम्मान गर्दै ताम्रपत्रसहितको प्रमाणपत्र प्रदान गरिनेछ साथै निजको इच्छाबमोजिम तीन जनाको नाम शिलामा अङ्कित गरी स्मारिकामा समेत प्रकाशित गरिनेछ।

५. रु.७५,०००।- वा सोभन्दा माथि सहयोग गर्ने दातालाई दोसल्लाद्वारा सम्मान गर्दै ताम्रपत्रसहितको प्रमाणपत्र प्रदान गरिने छ दाताको इच्छाबमोजिम चार जनाको नाम शिलामा अङ्कित गरी स्मारिकामा प्रकाशित गरिनेछ।

६. रु.१,५०,०००।- वा सोभन्दा माथि सहयोग गर्ने दातालाई निजद्वारा उपलब्ध गराइएको नामका आधारमा दुई जनालाई दोसल्लाद्वारा सम्मान गर्दै ताम्रपत्रसहितको प्रमाणपत्र प्रदान गरिनेछ साथै उहाँको इच्छाबमोजिम चार जनाको नाम शिलामा अङ्कित गरी स्मारिकामा प्रकाशित गरिनेछ।

७. रु.२,००,०००।- वा सोभन्दा माथि सहयोग गर्ने दातालाई निजद्वारा उपलब्ध गराइएको नामका आधारमा तीन जनालाई दोसल्लाद्वारा सम्मान गर्दै ताम्रपत्रसहितको प्रमाणपत्र प्रदान गरिनेछ, साथै निजको इच्छाबमोजिम चार जनाको नाम शिलामा अङ्कित गरी स्मारिकामा प्रकाशित गरिनेछ।

८. रु. ५,००,०००।-वा सोभन्दा माथि सहयोग गर्ने दातालाई आजीवन संरक्षक सदस्य घोषित गरी निजद्वारा उपलब्ध गराइएको नामका आधारमा चार जनालाई दोसल्लाद्वारा सम्मान गर्दै ताम्रपत्रसहितको प्रमाणपत्र प्रदान गरिनेछ, साथै छ जनाको नाम शिलामा अङ्कित गरी स्मारिकामा प्रकाशित गरिनेछ।

रजतमहोत्वस मूल समारोह समिति २०७३
सुकुना बहुमुखी क्याम्पस
सुन्दरहरैंचा-१२, मोरङ


**सम्पर्कः**
०२१-५४५७१७, ५४५६१७, ९८५२०४१५६६,
९८५२०५५२२२, ९८५२०२२०७५,
९८५२०३१२२३, ९८४२०५८३१९
Notice Board: 1618021545717




# List of Requirement

| S.N. | Particulars | Expected Amount of expenditure (in NPR) |
|---|---|---|
| 1 | Books | 3,00,000/- |
| 2 | Science Lab | 3,00,000/- |
| 3 | Computer (Desk top/laptop) | 3,00,000/- |
| 4 | Multimedia Projector | 1,00,000/- |
| 5 | Smart Board | 5,00,000/- |
| 6 | Printer | 25,000/- |
| 7 | Ceiling fans | 2,22,000/- |
| 8 | Solar lamps | 5,00,000/- |
| 9 | Seminar Hall Construction | 10,00,000/- |
| 10 | Furniture and Furnishing in the Seminar Hall | 4,00,000/- |
| 11 | Memorial Pillar Construction | 5,00,000/- |
| 12 | Constructing Examination Hall | 10,00,000/- |
| 13 | Chair (Bagmati) 100pcs | 1,00,000/- |
| 14 | Scholarship | 1,00,000/- |
| 15 | Akshayakosh(Inexhaustible Fund) | Above 2,00,000/- |